
# नेपालमा बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम-नेपाल)
## मासिक कार्यसम्पादन पत्र

महिना : फेब्रुअरी वर्ष : ५ अंक : २


### १.बाल सहभागिता कार्यान्वयन मापन प्रतिवेदन राष्ट्रिय सभामा प्रस्तुत

काठमाडौं – राष्ट्रिय सभा अन्तर्गतको विधायन व्यवस्थापन समितिका सभापति माननीय तुलसा देवी दहालले बालबालिका सम्बन्धी ऐन, २०७५ मा व्यवस्था गरिएको बाल सहभागिताको कार्यान्वयन अवस्थाबारे तयार गरिएको “बाल सहभागिता कार्यान्वयन मापन प्रतिवेदन, २०८२” सम्मानित राष्ट्रिय सभा समक्ष प्रस्तुत गर्नुभएको छ ।




उक्त प्रतिवेदनले बालबालिकाको सहभागिता सम्बन्धी कानूनी प्रावधानहरू व्यवहारिक रूपमा कत्तिको कार्यान्वयन भएका छन् भन्ने अवस्थाको समग्र समीक्षा गरेको छ । प्रतिवेदनमा बाल अधिकार सुनिश्चित गर्न कानुनमा भएका व्यवस्थाहरू कार्यान्वयनका क्रममा देखिएका उपलब्धि, चुनौती तथा सुधार आवश्यक क्षेत्रहरूलाई उजागर गरिएको छ ।

प्रतिवेदनले विशेषगरी बाल सहभागिता प्रभावकारी बनाउन नीतिगत स्पष्टता, संस्थागत संरचना सुदृढीकरण, तथा सम्बन्धित निकायहरूबीच समन्वय बढाउनुपर्ने आवश्यकता औंल्याएको छ । साथै, बालबालिकाको आवाजलाई नीति निर्माण तथा निर्णय प्रक्रियामा अर्थपूर्ण रूपमा समावेश गर्न थप पहल आवश्यक रहेको उल्लेख गरिएको छ ।

यस प्रतिवेदन तयारी तथा समग्र प्रक्रियामा कन्सोर्टियम नेपाल साझेदार संस्थाको रूपमा संलग्न रहेको थियो । यस प्रतिवेदन प्रस्तुतिसँगै बाल सहभागिता सम्बन्धी कानूनी व्यवस्था कार्यान्वयनको अवस्था राष्ट्रिय स्तरमा छलफलको विषय बन्ने अपेक्षा गरिएको छ, जसले बाल सहभागिता प्रवर्द्धन तथा संरक्षणका लागि आगामी नीतिगत सुधारमा महत्वपूर्ण आधार प्रदान गर्ने विश्वास गरिएको छ ।



कन्सोर्टियम-नेपाल, बुद्धनगर, काठमाडौं
०१-४७९१३२७ participation.consortium@gmail.com, Consortium Nepal

### २. बालबालिकाद्वारा राजनीतिक दलका घोषणापत्रमा बालअधिकार समावेश गर्न माग:




प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ लाई लक्षित गर्दै राष्ट्रिय बाल पैरवी परिषद्को नेतृत्वमा बालबालिकाले "हामी बालबालिकाले खोजेको घोषणा पत्र" तयार गरि सार्वजनिक गरेका छन् । राजनीतिक दलका घोषणापत्रमा बालअधिकारका विषयहरू अनिवार्य रूपमा समावेश गर्न आग्रह गर्दै बालबालिकाले आफ्नो सामूहिक सुझाव पत्र प्रस्तुत गरेका हुन् ।

सुझावपत्रमा बालबालिकाले आफ्नो आवश्यकताहरू नै बालअधिकार भएको उल्लेख गर्दै बालअधिकार मानव अधिकारको अभिन्न अंग भएको स्पष्ट पारेका छन् । उनीहरूले बालअधिकारको सम्मान गर्नु राजनीतिक दल, उम्मेदवार र राज्यका सबै तहको साझा दायित्व भएको बताएका छन् । नीति निर्माणदेखि कार्यान्वयनसम्मका सबै चरणमा बालबालिकाको स्वेच्छिक र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्ने माग गर्दै बालबालिकाको सर्वोत्तम हितलाई केन्द्रमा राख्न आग्रह गरिएको छ ।

सार्वजनिक गरिएको सुझाव पत्रमा आमाको गर्भदेखि सुरक्षित जन्म, पोषणयुक्त खाना, सुरक्षित आवास, माया-ममता, उचित स्याहार, गुणस्तरीय शिक्षा, स्वास्थ्य, सुरक्षा, संरक्षण र मनोरञ्जन सबै बालबालिकाको अधिकार भएको उल्लेख छ । विद्यालय र परिवारमा जंक फुडको प्रयोग निषेध गरी स्थानीय अर्गानिक उत्पादनलाई प्रोत्साहन गर्नुपर्ने, धूम्रपान, मद्यपान र लागुऔषधबाट बालबालिकालाई सुरक्षित राख्नुपर्ने तथा सम्बन्धित कानुनको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने माग गरिएको छ ।

त्यस्तै, साना बालबालिकाका लागि बालमैत्री र मनोवैज्ञानिक आधारमा कक्षाको व्यवस्था, बाल विकास केन्द्रलाई पर्याप्त बजेट, प्रयोगात्मक र जीवनोपयोगी शिक्षा, गुणस्तरीय, निःशुल्क र अनिवार्य शिक्षाको प्रभावकारी कार्यान्वयन गर्न माग गरिएको छ । विद्यालयहरू बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गतामैत्री र यौनिक तथा लैङ्गिक अल्पसंख्यकमैत्री हुनुपर्ने,



कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं
०१–४७९१३२७
participation.consortium@gmail.com,
Consortium Nepal

आवश्यक शिक्षक तथा प्राविधिक जनशक्ति उपलब्ध गराउनुपर्ने, सबै विद्यालयमा दिवा खाजा, स्वास्थ्य तथा मनोपरामर्श सेवा र बाल संरक्षण फोकल शिक्षकको व्यवस्था गर्नुपर्ने उल्लेख छ। खेल मैदान, खुला स्थान र बालमैत्री पार्कको विकासमार्फत बालबालिकाको व्यक्तित्व र नेतृत्व विकासमा लगानी गर्नुपर्ने मागसमेत राखिएको छ।

बाल संरक्षणतर्फ सबै बालबालिकाको जन्मदर्ता सुनिश्चित गर्नुपर्ने, बालश्रम र बालविवाह अन्त्य गर्नुपर्ने तथा सबै स्थानीय तहलाई बालश्रम र बालविवाहमुक्त बनाउनुपर्ने माग गरिएको छ। परिवार, विद्यालय वा समुदायमा हुने हिंसा, विभेद, शोषण र दुर्व्यवहार विरुद्ध बजेटसहित विशेष अभियान सञ्चालन गर्नुपर्ने, इन्टरनेट तथा प्रविधिमार्फत हुने जोखिम र हिंसा रोक्न प्रभावकारी उपाय अपनाउनुपर्ने तथा जोखिममा परेका बालबालिकालाई गोपनीयता, कानुनी उपचार र क्षतिपूर्तिसहित संरक्षण र पुनर्स्थापनाको व्यवस्था गर्नुपर्ने उल्लेख छ।

बालबालिकाले स्थानीय तहमा नियमित बाल भेला सञ्चालन, नीति-कार्यक्रम-बजेट निर्माण प्रक्रियामा अनिवार्य बाल सहभागिता, सबै विद्यालय र समुदायमा बाल क्लब तथा सञ्जाल गठन र सशक्तीकरणका लागि बजेट व्यवस्था गर्नुपर्ने माग गरेका छन्। विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति लगायत बालबालिकासँग सरोकार राख्ने संरचनामा बाल प्रतिनिधित्व अनिवार्य गर्नुपर्ने तथा बालमैत्री र पोषणमैत्री स्थानीय सरकारको अवधारणालाई प्रभावकारी रूपमा लागू गर्न आग्रह गरिएको छ।

देशभरका बालबालिकाको प्रतिनिधित्व गर्दै सार्वजनिक गरिएको यस घोषणा पत्रमार्फत बालबालिकाले राजनीतिक दलहरूलाई आफ्नो भविष्यसँग जोडिएका मुद्दा घोषणापत्रमा समावेश गरी कार्यान्वयनका लागि स्पष्ट प्रतिबद्धता जनाउन आह्वान गरेका छन्।

### ३.न्युटन कलेजका विद्यार्थीहरूको कन्सोर्टियम नेपाल भ्रमणः

२ फेब्रुअरी २०२६ : । सामाजिक कार्य (Bachelor in Social Work) अध्ययनरत न्युटन कलेजका ११ जना विद्यार्थीहरूले नेपालमा बाल सहभागिताको अभ्यासबारे अध्ययन अवलोकन गर्न कन्सोर्टियम नेपालको कार्यालय भ्रमण गरेका छन्।

भ्रमणका क्रममा विद्यार्थीहरूले नेपालमा बाल सहभागिताको अवधारणा, अभ्यास, कानुनी व्यवस्था तथा स्थानीयदेखि राष्ट्रिय तहसम्म बालबालिकाको सहभागिता कसरी सुनिश्चित गरिन्छ भन्ने विषयमा जानकारी लिएका थिए। कन्सोर्टियम नेपालका प्रतिनिधिहरूले बाल सहभागितासम्बन्धी कार्यक्रम, बाल क्लब तथा सञ्जालको भूमिका, नीति निर्माण प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता, र बाल अधिकार प्रवर्द्धनका लागि गरिएका पहलहरूबारे प्रस्तुति दिएका थिए।


कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं
०१–४७९१३२७
participation.consortium@gmail.com,
Consortium Nepal

विद्यार्थीहरूले बाल सहभागिताको व्यावहारिक अभ्यास, बालमैत्री संरचना निर्माण, र बाल अधिकार संरक्षणका क्षेत्रमा गैरसरकारी संस्थाको भूमिका बुझ्ने अवसर पाएको बताएका छन् । उनीहरूले भविष्यमा सामाजिक कार्यकर्ताको रूपमा बाल अधिकार र बाल सहभागिताको प्रवर्द्धनमा योगदान पुऱ्याउने प्रतिबद्धतासमेत व्यक्त गरेका छन् ।

यस प्रकारका अध्ययन भ्रमणले शैक्षिक ज्ञानलाई व्यवहारिक अनुभवसँग जोड्दै विद्यार्थीहरूलाई बाल अधिकारको क्षेत्रमा संवेदनशील र जिम्मेवार बन्न सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ ।



### कन्सोर्टियम नेपालले फेब्रुअरी २०२६ मा सहभागिता जनाएका विविध कार्यक्रमहरुको विवरण

| १. | कार्यक्रम | आयोजक |
|---|---|---|
| | डिजिटल सेवा शुभारम्भ कार्यक्रम | Social Welfare Council |
| २ | Orientation for National Election Observers | NEOC |
| ३. | निर्वाचनमा बाल अधिकार संरक्षण, निर्वाचन आचारसंहिता उल्लङ्घनको प्रभावकारी अनुगमनको विषयक छलफल कार्यक्रम | CZOP |
| ४. | | |



कन्सोर्टियम-नेपाल, बुद्धनगर, काठमाडौं
०१-४७९१३२७
participation.consortium@gmail.com,
Consortium Nepal